भाग ३

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको
सूचना

नेपाल सरकार,सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले राष्ट्रिय प्रसारण नियमावली,२०५२ को नियम २२ ले दिएको अधिकार प्रयोग गरी सो नियमावलीको अनुसूचीमा देहाय बमोजिम हेरफेर गरेको छः-

१. अनुसूची-५ (क) को क्रमसङ्ख्या ३ को सट्टा देहायको क्रमसङ्ख्या ३ राखिएको छः-

"३. डाउनलिङ्क गर्न वा सिग्नल वितरण गर्नको लागि	रु. १०,०००।-"

२. अनुसूची-५(ख) को,-

(१) क्रमसङ्ख्या ४ झिकिएको छ ।

(२) क्रमसङ्ख्या ४क. को सट्टा देहायको क्रमसङ्ख्या ४क. राखिएको छः-

"४क. विज्ञापन समावेश नभएका निःशुल्क च्यानलको डाउनलिङ्क गरी कार्यक्रम प्रसारण गर्नको लागि प्रति च्यानल	रु. १,००,०००।-"

(३) क्रमसङ्ख्या ४क. पछि देहायका क्रमसङ्ख्या ४क१. र ४क२. थपिएका छन्:-

"४क१. विज्ञापन समावेश भएका निःशुल्क च्यानलको डाउनलिङ्क गरी कार्यक्रम प्रसारण गर्नको लागि प्रति च्यानल रु. ५,००,०००।-

४क२. विज्ञापन समावेश नभएका सःशुल्क च्यानलको डाउनलिङ्क गरी कार्यक्रम प्रसारण गर्नको लागि प्रति च्यानल रु. ३,००,०००।-"

(४) क्रमसङ्ख्या ४ख. र ४ग. को सट्टा देहायका क्रमसङ्ख्या ४ख. र ४ग. राखिएका छन्:-

"४ख. विज्ञापन समावेश भएका सःशुल्क च्यानलको डाउनलिङ्क गरी कार्यक्रम प्रसारण गर्नको लागि प्रति च्यानल रु. ७,००,०००।-"

"४ग. सिग्नल वितरणको लागि प्रति च्यानल रु. ५०,०००।-"

(५) क्रमसङ्ख्या ५ को खण्ड १ को सट्टा देहायको खण्ड १ राखिएको छ:-

"१. टेलिभिजन/रेडियो सिग्नल वितरण गर्ने गरी स्थापना गरिएको नेटवर्क प्रविधि (डिजिटल हेडइण्ड, इन्टरनेट प्रोटोकलमा आधारित टेलिभिजन (आइ.पि.टि.भि.), मल्टिच्यानल मल्टिप्वाइन्ट डिस्ट्रिब्यूसन सिस्टम

(एम.एम.डि.एस.), स्याटेलाइट वितरण प्रणाली (डि.टि.एच.) वा डिजिटल टेरेष्ट्रियल टेलिभिजन जस्ता वितरण प्रविधि) प्रयोग गरी नेपालभर जतिसुकै च्यानलबाट कार्यक्रम प्रसारण गर्नको लागि रु.१,००,००,०००-"

आज्ञाले,
महेन्द्र मान गुरुङ्ग
नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।-
गो.हु.द.नं. १६।२०६२।६३